बैठक नं. २०७५/७६/०५
मिति: २०७६/०७/२४
समय: बिहान ८ बजे

आज मिति २०७६ साल कार्तिक २४ गते मायादेवी गाउँपालिका रुपन्देहीका अध्यक्ष श्री ध्रुव नारायण चौधरी ज्यूको अध्यक्षतामा तपशिल बमेजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

## तपशिल

| | |
|---|---|
| अध्यक्ष श्री ध्रुव नारायण चौधरी | अध्यक्ष |
| उपाध्यक्ष श्री तारा देवी यादव | उपाध्यक्ष |
| वडाध्यक्ष श्री पल्टु लोध | सदस्य |
| वडाध्यक्ष श्री राम नारायण थारु | सदस्य |
| वडाध्यक्ष श्री मोहम्मद रफिक खाँ | सदस्य |
| वडाध्यक्ष श्री धनपाल मल्लाह | सदस्य |
| वडाध्यक्ष श्री रामचन्द्र यादव | सदस्य |
| वडाध्यक्ष श्री राजेन्द्र यादव | सदस्य |
| वडाध्यक्ष श्री रामाशंकर यादव | सदस्य |
| वडाध्यक्ष श्री चोक बहादुर थापा | सदस्य |
| श्री जसोदा कोहाइन | सदस्य |
| श्री रीना चौधरी | सदस्य |
| श्री सकुन्तला बनिया अग्रहरी | सदस्य |
| श्री सीता देवी बिश्वकर्मा | सदस्य |
| श्री विक्रम बहादुर सुनार | सदस्य |
| श्री अशोक कुमार लोध | सदस्य |
| श्री विष्णु प्रसाद ढुङ्गाना | सदस्य-सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री ओमेश कुमार गैरे | लेखा अधिकृत |

बैठक नं. २०७५/७६/०५

मितिः २०७६/०७/२४

समयः बिहान ८ बजे

आज मिति २०७६ साल कार्तिक २४ गते मायादेवी गाउँपालिका रुपन्देहीका अध्यक्ष श्री ध्रुव नारायण चौधरी ज्यूको अध्यक्षतामा तपशिल बमेजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| अध्यक्ष श्री ध्रुव नारायण चौधरी | अध्यक्ष | |
| उपाध्यक्ष श्री तारा देवी यादव | उपाध्यक्ष | तारा देवी |
| वडाध्यक्ष श्री पल्टु लोध | सदस्य | |
| वडाध्यक्ष श्री राम नारायण थारु | सदस्य | रामनारायण |
| वडाध्यक्ष श्री मोहम्मद रफिक खाँ | सदस्य | |
| वडाध्यक्ष श्री धनपाल मल्लाह | सदस्य | |
| वडाध्यक्ष श्री रामचन्द्र यादव | सदस्य | |
| वडाध्यक्ष श्री राजेन्द्र यादव | सदस्य | |
| वडाध्यक्ष श्री रामाशंकर यादव | सदस्य | |
| वडाध्यक्ष श्री चोक बहादुर थापा | सदस्य | |
| श्री जसोदा कोहाइन | सदस्य | जसोदा |
| श्री रीना चौधरी | सदस्य | |
| श्री सकुन्तला बनिया अग्रहरी | सदस्य | |
| श्री सीता देवी विश्वकर्मा | सदस्य | |
| श्री विक्रम बहादुर सुनार | सदस्य | |
| श्री अशोक कुमार लोध | सदस्य | |
| श्री विष्णु प्रसाद ढुङ्गाना | सदस्य-सचिव | |

आमन्त्रित

| | |
|---|---|
| श्री ओमेश कुमार गैरे | लेखा अधिकृत |

प्रस्तावहरु

१. झोलुङ्गे पूल मर्मत संभार सम्बन्धमा
२. दुर्गा मन्दिर निर्माण सम्बन्धमा
३. धार्मिक पर्यटकीय गन्तव्य बिकास सम्बन्धमा
४. मायादेवी पार्कमा सेड निर्माण सम्बन्धमा
५. होमस्टे संचालन सम्बन्धमा
६. उपभोक्ता समिति गठन र तालिम संचालन सम्बन्धमा
७. लक्षित बर्गको कार्यक्रम संचालन सम्बन्धमा
८. जग्गा उपलब्ध गराउने सम्बन्धमा
९. लेखा परिक्षकको पारिश्रमिक कायम सम्बन्धमा
१०. गाउपालिका स्तरीय पूर्वाधार विकास कार्यक्रम
११. स्वास्थ्य चौकी निर्माण सम्बन्धमा
१२. आर्थिक सहयोग सम्बन्धमा
१३. व्यबसाय कर सम्बन्धमा
१४. कृषक पाठशाला सम्बन्धमा
१५. सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा
१६. वडा कार्यालय मर्मत संभार सम्बन्धमा
१७. मदिरा बिक्री बितरण सम्बन्धमा
१८. एमआइएस अपरेटर तथा फिल्ड सहायकको नियुक्ति सम्बन्धमा

आज प्रस्ताब भएका उपरोक्त प्रस्ताब माथि दफावार छलफल गरि देहायका निर्णय गरियो ।

## निर्णयहरू

१. झोलुङ्गे पूल मर्मत संभार सम्बन्धमा

यस गाउपालिका अन्तर्गत विभिन्न ठाँउमा रहेका चार बटा झोलुङ्गे पूलको अवस्था जिर्ण भएकोले आवश्यक मर्मत संभार कार्यको लागि आवस्यक रकम आकस्मिक मर्मत सम्भार कार्यक्रम बाट रु.१लाख बजेट विनियोजित गर्ने निर्णय गरियो ।

२. दुर्गा मन्दिर निर्माण सम्बन्धमा

यस गाउपालिका अन्तर्गत रहेको वडा नं ८ बसडिलियामा रहेको दुर्गामन्दिर निर्माणका लागि वडा नं ८ को आकस्मिक मर्मत संभार तथा भैपरी तर्फ बाट रू.१लाख र गाउपालिकाको समपुरक कोषबाट रु.३ लाख गरी जम्मा ४ लाख बिनियोजन गरियो ।

३. धार्मिक पर्यटकीय गन्तव्य बिकास सम्बन्धमा

शिव मन्दीर संचालक समिति सि.न.पा.८ रुपन्देहीको मिति २०७६।०७।१९ को पत्रानुसार ऐतिहासिक मनोरम धर्मानुरागी आस्थाको केन्द्र एवम धार्मिक पर्यटकीय सभ्यता बोकेको शिव मन्दिरको वृहत्तर बिकास एवम दिर्घकालिन संरक्षणका लागि गुरुयोजना सहित यस कार्यालयमा सहयोगको लागि पेस भएको सम्बन्धमा ब्यापक छलफल अध्ययन विश्लेषण हुदा यस गाउपालिकाको बिनियोजित बजेट शिर्षक मन्दिर, मस्जिद, गुम्वा तथा धर्म संरक्षण शिर्षकबाट रु ५ लाख बजेट बिनियोजन गरि उपलब्ध गराउने निर्णय गरियो।

४. मायदेवी पार्कमा सेड निर्माण सम्बन्धमा

सिद्धार्थनगर नगरपालिकाको नाममा दर्ता रहेको मायादेवी गाउपालिकाको क्षेत्राधिकार र भोगाधिकार भएको मायादेवी पार्कमा पर्यटकको आवागमन दिनानुदिन बढ्दै गएको सन्दर्भमा

उक्त स्थलमा विविध कृयाकलाप संचालन गर्न कठिनाई परेकोले सो स्थानमा आवश्यक सेड निर्माणका लागि गाउपालिकाको पूजीगत सुधार खर्च- सार्वजनिक निर्माणबाट बजेट विनियोजित गर्ने निर्णय गरियो।

५. <u>होमस्टे संचालन सम्बन्धमा</u>

थारु समुदायको उत्थान संरक्षण तथा बिकास भई आयआर्जनमा समेत टेवा पुग्ने होमस्टे कार्यक्रम संचालनका लागि थारु समुदायलाई जागरुक सक्रीय र सबलीकरण गर्नकालागि होमस्टे प्रवर्धन कार्यक्रम मायादेवी गाउपालिका वडा नं. ८ उचमी गाउमा गरिने निर्णय गरियो।

६. <u>उपभोक्ता समिति गठन र तालिम संचालन सम्बन्धमा</u>

यस गाउपलिकाको बार्षिक स्वीकृत कार्यक्रम संचालनका लागि उपभोक्ता समिति गठन गरी यस कार्यालयमा पेस गर्न आव्हान गरिएकोमा हाल सम्म सवै वडा कार्यालयबाट गठन भई नआएकोले तालिम संचालन गरी योजनाहरूको संझौता गरी कार्यान्वयन गर्नमा ढिलाई भएकोले यथाशिघ्र उपभोक्ता समिति गठन गरी तालिम संचालनका लागि सवै वडा कार्यालयहरूलाई यथाशिघ्र अनुरोध गर्ने निर्णय गरियो ।

७. <u>लक्षित बर्गको कार्यक्रम संचालन सम्बन्धमा</u>

यस गाउपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गाउपालिकास्तरीय लक्षीत कार्यक्रमको सन्दर्भमा गाउपालिका स्वयमले संचालन गर्ने र गाउपालिकाले समेट्न नसक्केको हकमा भ्याट वाला सूचीकृत सेवा प्रदायक संस्था संग संझौता गरी कार्यान्वयन गर्ने र वडा स्तरीय कार्यक्रमको हकमा सम्बन्धित वडा कार्यालय स्वयमले संचालन गर्ने र वडा कार्यालयले समेट्न नसक्केको हकमा भ्याट वाला सूचीकृत सेवा प्रदायक संस्था संग संझौता गरी कार्यान्वयन गर्ने ।

८. जग्गा उपलब्ध गराउने सम्बन्धमा

आ. ब. ०७६\७७ मायादेवि गाउपालिका अन्तर्गत वडा नं. ३ र ६ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन टाइप -१ निर्माण हुने हुदा उक्त वडाहरुमा भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सन्दर्भमा वडा नं ३का लागि साविक कम्हरिया गा.बि.स वडा नं ९ क,कित्ता नं ६५४ हाल वडा नं ३ सुकौली र वडा नं. ६ का लागि साविक बर्षौली वडा नं ९-ख ,कित्ता नं ४६० र ४६२ हाल वडा नं ३ बेथरीमा जग्गा उपलब्ध गराउने निर्णय गरियो।

९. लेखा परिक्षकको पारिश्रमिक कायम सम्बन्धमा

यस मायादेवी गाउपालिका रुपन्देहीबाट बिध्यालयहरुको आ.व.०७५।०७६ को लेखा परिक्षण गर्न खटाईने लेखापरिक्षकहरुको लागि पारिश्रमिकको सम्बन्धमा सम्बन्धित बिध्यालयबाट भुक्तानी हुने गरी सय कडा ०.२५ पैसा कायम हुनेगरी लेखा परिक्षण पारिश्रमिक कायम गर्ने निर्णय गरियो ।

१०. गाउपालिका स्तरीय पुर्वाधार विकास कार्यक्रम

मायादेवी गाउपालिका द्वारा आ.व।०७६/०७७ मा स्वीकृत गाउपालिका स्तरीय पुर्वाधार विकास कार्यक्रमका रु.२५ लाख वा सो भन्दा बढिका योजनाहरु यस गाउपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १०७-१ बमोजिम हुने गरी ठेक्का प्रकृयाबाट अगाडी बढाउने निर्णय गरियो।

११. स्वास्थ्य चौकी निर्माण सम्बन्धमा

मायादेवी गाउपालिका वडा न.२ पिपरहवावासीको गाउ मुचुल्का र माग अनुसार वडाकार्यालयको निर्णय समेतले स्वास्थ्य चौकी निर्माणको सिफारिस गरी पठाएको सम्बन्धमा छलफल अध्ययन बिस्लेषण हुँदा साविक कम्हरिया १ नं.वडा,२ख कित्ता नं. २४६ क्षेत्रफल ०-८-१० रहेकोमा निर्माण कार्य अगाडि बढाउनको लागि माग बमोजिम उचित देखिएकाले उक्त स्थानमा स्वास्थ्य चौकी निर्माण गर्न आवश्यक बजेट बिनियोजनको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय गर्न बाकी प्रस्ताव नम्बर १२-१८ को लागि मिति २०७६-०७-२५ गते पुन अर्को वैठक बस्नि निर्णय गरियो ।

हिजो मिति २०७६-०७-२४ गते निर्णय गर्न बाकी प्रस्तावहरु १२-१८ का लागि देहाय बमोजिम निर्णय गरियो ।

१२. आर्थिक सहयोग सम्बन्धमा

मायादेवी गाउपालिका अन्तर्गत आर्थिक रुपमा बिपन्न रहेका देहायका व्यक्तिहरूको माग र सम्बन्धित वडाहरूको सिफारिसको आधारमा देहायबमोजिम आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय गरियो।

१.कृष्ण हरिजन,मायादेवी गाउपालिका वडा नं. ६- २५००० । (पच्चीस हजार)

२. बिहारी थारू मायादेवी गाउपालिका वडा नं.३ — १५००० । (पन्ध्र हजार)

३. वडा नं. ३ का नवाजुद्दिन सावत लाइ — २०००० । ( बीस हजार)

१३. व्यबसाय कर सम्बन्धमा

मायादेवी गाउपालिका तथा वडाकार्यालयबाट बिभिन्न समयमा व्यबसाय दर्ता सम्बन्धी सूचना जारी गर्दा पनि यस क्षेत्रमा संचालित व्यापारी व्यवसायीहरू सम्बन्धित वडामा दर्ता नभएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ (गाउपालिका तथा नगरपालिकाको बित्तिय अधिकार क्षेत्र) अन्तर्गत दफा ५८ मा भएको व्यबस्था र मायादेवी गाउपालिकाको आर्थिक ऐन २०७६ दफा ४ बमोजिम दर्ता तथा व्यबसाय कर तिरेको नपाईएकोले १५ दिने सूचना जारी गर्ने साथै अडियो जिङ्गल बनाएर गाउपालिका भित्र सबैलाई सुसुचित गर्ने निर्णय गरियो।

तोकिएको समयमा व्यबसाय दर्ता बार्षिक शुल्क नतिरी व्यबसाय संचालन गरेको पाईएमा नियमानुसारको जरिवाना गर्नुको साथै व्यबसाय बन्द गराउने सम्मको कारवाही गरिने व्यहोरा समेत जानकारी गराउदै कम्पनि रजिष्टारको कार्यालय, आन्तरिक राजस्व कार्यालय,घरेलु उद्योग विभाग र वाणिज्य कार्यालयमा दर्ता गराईसकेका व्यपार व्यबसाय समेत यस गाउपालिका अन्तर्गत अनिवार्य रुपमा दर्ता गर्ने निर्णय गरियो।

१४. कृषक पाठशाला सम्बन्धमा

कृषि तथा पशुपन्छी मन्त्रालय,विकेन्द्रित आयोजना सहयोग इकाइको मिति २०७६-०७-१८ च.नं १६६ को पत्रानुसार कृषक पाठशालाको लागि बजेट बिनियोजन भएकोले वडा नं २ र ३ का लागि तिलौरीमा र वडा नं.५ को लागि गोनाहामा कृषक पाठशालाको लागि स्थान छनौट गर्ने निर्णय गरियो ।

१५. सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा

यस मायादेवी गाउपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गाहरु अतिक्रमण भएको भन्ने व्यापक रुपमा जनगुनासो आएकोले सो संरक्षणका लागि सबै वडा कार्यालयहरुले सार्वजनिक जग्गा संरक्षण समिति गठन गरी स्थलगत रुपमा अध्ययन अवलोकन गरी आवश्यक संरक्षणका लागि गाउपालिका समक्ष सिफरिस नें निर्णय गरियो ।

१६. वडा कार्यालय मर्मत संभार सम्बन्धमा

यस गाउपालिका अन्तर्गत रहेको ३ नं. वडाको कार्यालय परिसरमा ताल गडवा रही कठीनाई परेकोले प्राविधिक मुल्याङ्कन अनुसार आवश्यक मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो।

१७. मदिरा बिक्री बितरण सम्बन्धमा

यस गाउपालिका भित्र जथाभावी रुपमा मदिरा सेवन गरी होहल्ला मच्चाई सामाजिक. असन्तुलनको कार्य सृजना भएको भन्ने व्यापक जन गुनासो आएकोसम्बन्धमा छलफल गर्दा सोको नियमन नियन्त्रण एवम ब्यबस्थापनको लागि सम्बन्धित वडाका सबै वडा कार्यालयहरुले सम्बन्धित मदिरा बिक्रेता एवम सम्बन्धित सरोकारवाला तथा व्यवसायीलाई आमन्त्रण गरी आवश्यक छलफल परामर्स गरी निश्चित आचारसंहिताको पालना गर्ने प्रतिबद्धता जनाई मात्र बिक्री वितरण गर्ने ब्यबस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

१८ .राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागबाट संक्षिप्त सूचि प्रकाशित भइ सीप परीक्षण तथा अन्तरवार्ताको लागि यस गाउपालिकालाइ जिम्मेवारी दिइएकोमा सोही बमोजिम आवश्यक परीक्षा संचालन गरी सिफारिस भएका सफल उमेदवारहरुलाइ नियमअनुसार करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो ।